**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ नवम्बर २०२५**
***समयः १८:५० - १९:०० बजे***

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले सरकार परमाणु क्षेत्रलाई निजी कम्पनिहरुका लागि खुला गर्ने दिशामा अघि बढिरहेको बताउनुभएको छ।

२. एस.आई.आर.को दोस्रो चरणको सुरुवातदेखि मतदाताहरूलाई पचास करोड 59 लाखभन्दा अधिक गणना फारमहरू वितरण गरिसकेको निर्वाचन आयोगले जनाएको छ।

३. भारतको संविधानको नेपाली डिजिटल संस्करण सार्वजनिक भएको छ।

४. राज्यका शिक्षामन्त्री ब्रात्य बसुले स्कूल सेवा आयोगले उच्च अदालतको आदेश अनुसार "दागी" उम्मेदवारहरूको पूर्ण सूची प्रकाशित गर्ने घोषणा गर्नु भएको छ।

५. दार्जिलिङ पहाडी क्षेत्रमा आईभी बहुउद्देश्यीय सहकारी संस्थाले मह उत्पादन इकाई सुरु गरेको छ।

**प्रधानमंत्री - स्काई रूट परिसर**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकार परमाणु क्षेत्रलाई निजी कम्पनिहरुका लागि खुला गर्ने दिशामा अघि बढिरहेको बताउनुभएको छ। अन्तरिक्ष क्षेत्रमा निजी क्षेत्रहरूको विस्तारको उल्लेख गर्दै श्री मोदीले भन्नुभयो, सुधारहरूको दायरा निरन्तर विस्तार भइरहेको छ। आज नयाँ दिल्लीमा भिडियो कन्फरेन्सद्वारा हैदराबादमा स्काईरूटको इन्फिनिटी परिसरको उद्घाटन गर्नुभएपछि श्री मोदीले भन्नुभयो, यस सुधारले भारतको ऊर्जा सुरक्षा र प्रविधि क्षेत्रलाई नयाँ शक्ति दिनेछ।

**निर्वाचन आयोग - एसआईआर**

विशेष गहन पुनरीक्षण (एस.आई.आर.) को दोस्रो चरणको सुरुवातदेखि मतदाताहरूलाई पचास करोड 59 लाखभन्दा अधिक गणना फारमहरू वितरण गरिसकेको निर्वाचन आयोगले जनाएको छ। यस चरणमा लगभग ५१ करोड मतदाता सहभागी छन् र यो 99 दशमलव दुइ -पांच प्रतिशत प्रतिशत हो। छत्तिसगढ, गोवा, गुजरात, केरल, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुडुचेरी, लक्षद्वीप र अन्डमान र निकोबार सहित नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावली पुनरिक्षणको दोस्रो चरण नोभेम्बर ४ मा सुरु भएको हो। आगामी ७ फेब्रुअरीमा मतदाता नामावली प्रकाशन भएपछि मतदाता नामावलीको बृहत् संशोधन कार्य पूरा हुनेछ।

**डिजिटल-संस्करण**

भारतको संविधानको नेपाली डिजिटल संस्करण सार्वजनिक भएको छ, जसलाई भारतीय गोर्खा समुदायका लागि ठूलो उपलब्धि मानिएको छ। संविधान नेपालीमा उपलब्ध भएपछि सर्वसाधारणले अब आफ्नो मातृभाषामै राष्ट्रको सर्वोच्च कानुनी दस्तावेज पढ्न र बुझ्न सक्ने भएका छन्। यस उपलब्धीको निम्ती भाजपा दार्जिलिङका अध्यक्ष सञ्जीव लामाले भारत सरकार सगै प्रधानमन्त्री एव राष्ट्रपति प्रति आभार प्रकट गर्नुभयो भने यो कदमले लोकतान्त्रिक पहुँच र भाषिक समावेशितालाई नयाँ उचाइ दिएको उहाँले बताउनु भयो। लामाका अनुसार संविधानको आठौँ अनुसूचीमा रहेका भाषाहरूलाई सबल बनाउने दिशामा यो एक महत्वपूर्ण

पहल हो।यसैबीच संविधानको नेपाली डिजिटल संस्करणले भारतीय बहुभाषिक समाजमा संघीय बहुलवाद र समान प्रतिनिधित्वको मूल्यलाई मजबुत बनाउने अपेक्षा गरिएको छ।

**एसएससीले -शिक्षामन्त्री बसु**

पश्चिम बंगालका शिक्षामन्त्री ब्रात्य बसुले आज घोषणा गर्नु भएको छ कि स्कूल सेवा आयोग (एसएससी) ले उच्च अदालतको आदेश अनुसार आज "दागदार" वा " टेन्टेड " उम्मेदवारहरूको पूर्ण सूची प्रकाशित गर्नेछ। उहाँले दाबी गर्नु भयो कि एसएससी भर्ती प्रक्रिया पूर्ण निष्पक्षता र पारदर्शिताका साथ सञ्चालन गरिएको थियो |सर्वोच्च अदालतको निर्देशन अनुसार, डिसेम्बर ३१ सम्ममा विद्यालयहरूमा शिक्षक भर्ती प्रक्रिया पूरा गर्ने लक्ष्य राखिएको छ।

बाइट

**बाघपुल-विकल्प**

दार्जिलिङका सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु विष्टले कोरोनेशन ब्रिज अर्थात बाघपुलको वैकल्पिक पुल निर्माणका लागि टेन्डर प्रक्रिया डिसेम्बर २०२५ भित्रै सुरु हुने जानकारी दिनुभएको छ। बिष्टका अनुसार एलेनबारी–सेभोकेलाई जोड्ने नयाँ पुल र पहुँच सडक निर्माणका लागि केन्द्र सरकारले ११९० करोड रुपैयाँ विनियोजन गरिसकेको छ। क्षेत्राधिकारसम्बन्धी समस्याका कारण ढिलाइ भए पनि अब परियोजना भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण (NHAI) मार्फत अघि बढ्नेछ। वैकल्पिक पुल, सिलगुढी रिङ्ग रोड तथा सिलगुढी–गोरखपुर एक्सप्रेसवे समेटिएको बृहत् योजनाको हिस्सा हुने बताइएको छ। बिष्टले कोरोनेशन पुलको भार कम गर्ने यो परियोजना दार्जिलिङ, कालिम्पोङ, सिक्किम, सिलगुढी, डुवर्स र उत्तर–पूर्वी राज्यहरूको यातायातका लागि महत्वपूर्ण हुने बताउनु भयो।यसको साथमा परियोजनामा साथ दिने सामाजिक संस्थाहरूलाई धन्यवाद दिंदै प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्री नितिन गडकरीप्रति उहाँले आभार व्यक्त गर्नुभयो।

**चियाखेती-प्रशिक्षण**

भारतीय चिया परिषद अनि दार्जीलिङ चिया अनुसन्धान एवं बिकास केन्द्र खरसाङको आयोजनामा यांखु स्थित मिनरल स्प्रीङ संयुक्त बिकास संस्था कार्यलयमा चिया खेती सम्बन्धी एक दिवसीय प्रशिक्षण सम्पन्न भयो। आगामी वर्षमा चियाको उत्पादन बढाउन यो शीतकालीन समयमा अहिले के- कस्तो कार्यहरू गर्न पर्छ त्यो नै प्रशिक्षण शिविरको मुख्य विषय थियो। यसको अतिरिक्त माटोको स्वास्थ्य तथा भरमी कम्पोस्ट बनाउने तरिका प्रयोग अनि फाइदा आदिबारे पनि प्रशिक्षकहरुले सविस्तार पूर्वक बताएका थिए।

**आईभी**

दार्जिलिङ पहाडी क्षेत्रमा आईभी बहुउद्देश्यीय सहकारी संस्थाले मह उत्पादन इकाई सुरु गरेको छ। दुई महिनाको प्रयासपछि आईभी र दुई अन्य मह उत्पादक प्राथमिक कृषि सहकारी संस्थाहरु– मिनरल स्प्रिङ पिएससी र घैयाबारी अंचल पिएससी– बीच सम्झौता भएको छ। यो सम्झौता कोलकाताबाट आएका राज्य नोडल अधिकारी र पीएमयु सेलका प्रतिनिधिहरुको उपस्थितिमा भएको हो।

***कार्यक्रम डिसीडीसीबीका अध्यक्ष केशव राज पोख्रेलको अध्यक्षतामा सम्पन्न भयो। आजै सुरुवातमा साकेतिक रुपमा आईभीलाई करिब ४० लिटर मह हस्तान्तरण गरेका छन्। यस वर्षको लक्ष्य १००० लिटर मह उपलब्ध गराउने रहेको छ। आईभी बहुउद्देश्यीय सहकारी संस्थाले पहिल्यै नै दुबई जस्ता विदेशी बजारमा मह बिक्रीको अनुमति प्राप्त गरेको छ। यो पहल किसानहरुको सशक्तिकरण र स्थानीय युवाहरुलाई घरमै रोजगारी सिर्जना गर्ने ऐतिहासिक कदम हो। भविष्यमा थप पहलहरु अगाडि बढ्ने योजना छ।***

**स्वस्थ जाच शिविर सप्पन्न**

बिद्यार्थीहरुको स्वास्थमा बिशेश ख्याल राख्ने लक्ष्य लिएर आज माध्यमिक शिक्षा केन्द्र छोटा पुबोङमा एक दिने स्वस्थ शिविरको आयोजना गरियो। बिधार्थी सगै शिक्षक शिक्षिकाहरु बिशेश उपस्थितिमा आयोजित शिविरमा बिधार्थीहरुलाई स्वास्थ्य जाँच सगै, आवश्यक औषधिहरु बितरण गरियो। शिविरमा जोरबङलो सुकियापोखरी खण्ड स्वस्थ अधिकारी डा० अमिताभ घोष, कोइला हङसु अनि डा० सन्तोष सिङ्गको बिशेश रूपमा उपस्तिथि रहेको थियो।

**एनजेपी**

एनजेपी थानाको पुलिसले ३०० ग्राम ब्राउनसुगरसहित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ परेका युवक मालदाको कालियाचक क्षेत्रका बासिन्दा रहेको बताइएको छ। स्रोतका अनुसार हिजो राति एनजेपी थानाको पुलिसले गुप्त सुचनाका आधारमा पोराझार मोड़ क्षेत्रमा अभियान गरेर एक शंकास्पद युवकलाई समातेको थियो। युवकको खानतलासी गर्दा उनको साथबाट ३०० ग्राम ब्राउन सुगर बरामद भएको थियो। त्यसपछि ती युवकलाई एनडीपीएस एक्ट अन्तर्गत पक्राउ गरिएको थियो। ती युवक मालदाबाट ब्राउन सुगर ल्याएर सिलिगुडीमा बेच्न आएका थिए। यसैबीच पुलिसले थप कारबाही सुरु गरेको छ।

**ईण्डियन-गोर्खा**

ईण्डियन गोर्खा जनशक्ति फ्रन्ट धोतरिया रंगबुल समष्टि गठन भएको छ। रंगबुल धोतरिया कलेज भ्याली सार्वजनिक भवनमा सम्पन सभामा पार्टी केन्द्रीय कार्यकारिणी सदस्य तथा श्रमिक नेता डीके गुरूङ तथा केन्द्रीय सदस्य एनबी खवासको विशेष उपस्थिति रहेको थियो। सभामा धैरै लामो चर्चा परिचर्चापछि धोतरिया रंगबुल समष्टि अध्यक्ष रंगबुल धोतरिया कलेज भ्याली निवासी वाङचुक तामाङलाई सर्वसम्मतिको साथ चयन गरियो। त्यसरी नै उपाध्यक्षको रुपमा निर्मल प्रधानलाई एव सचिवमा अनिल राई, सहसचिवमा विजय तामाङ, कोषाध्यक्षमा जगत राई लगायत 15 जनाको कमिटी गठन गरिएको छ।

***********